# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि तथा पशु विकास महाशाखा
जनप्रिय मार्ग, पोखरा, ७
गण्डकी प्रदेश, कास्की

सम्पर्क नं : ०६१-४५७८९४
इमेल : agriculture.pokharamun@gmail.com
वेबसाइट : www.pokharakrishi.gov.np

पत्र संख्या : २०७९/८०
चलानी नं :

मिति : २०७९।१०।०५

**पोखरा महानगरपालिका कृषि बिकास महाशाखाको चैते धान उत्पादन प्रबर्दन कार्यक्रम सम्बन्धि सूचना**

पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि महाशाखाको आ.ब २०७९/८० स्वीकृत कार्यक्रम अनुसार चैते धान उत्पादन प्रबर्दन कार्यक्रम अन्तर्गत चैते धान खेति गर्ने इच्छुक कृषक, समूह, सहकारी, समिति, संजाल आदिलाई एकै क्षेत्रमा कम्तिमा २०० रोपनी को क्लस्टर हुने गरि तपशिल अनुसार क्रियाकलापमा सहयोग गर्ने कार्यक्रम रहेकोले **२०७९ माघ मसान्त भित्र** कृषि सेवा केन्द्र/ कृषि महाशाखामा / अनलाइन मार्फत आवेदन दिनुहुन अनुरोध छ। अनलाइन आवेदनको लागि Pokhara Krishi mobile ap **डाउनलोड गरि सो एपमा आबेदन फारम भित्र क्लिक गर्ने वा** बिउ माग गर्न को लागि यो लिंक https://apms.pokharakrishi.com/node/add/agri-prodn-materials-demand मार्फत पनि माग गर्न सक्नुहुन्छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप/ अनुदान प्रतिशत |
|---|---|
| **१** | **साना सिंचाई /पूर्वाधार निर्माण/यान्त्रीकरण सहयोग** |
| १.१ | स्यालो ट्युववेल र पानी तान्ने मोटरको जडानमा सहयोग/ डेलिभरी पाइप खरिदमा सहयोग/ पानी तान्ने मोटर पम्प र पाइपमा सहयोग/ कुलोको मर्मत संभारमा सहयोग/ सोलार पम्पको पूर्ण सेट जडान तथा संचालनमा सहयोग सोलर पम्प को हकमा अधिकतम रु १,५०,००० र अन्य को हकमा रु ७५,००० अनुदान |
| १.२ | बलकमा नमूना चक्कलाबन्दी वा सामूहिक खेती प्रवर्द्धनका लागि जमिन सम्याउन प्रोत्साहन सहयोग प्रति हेक्टर अधिकतम रु १०,००० |
| १.३ | ५०% अनुदानमा साना कृषि मेशिनरी औजार वितरण (जस्तै : मिनि टिलर, विडर, मिनि हार्भेष्टर, रिपर, मिनि थ्रेसर, कम्वाइन मिल आदि) |
| २.४ | ५०% अनुदानमा मेशिन भाडामा अनुदान (जस्तै :, कम्वाइन हार्भेष्टर, राइस ट्रान्सप्लान्टर, ड्रायर, Movable Dryer आदि) |
| **२** | **क्षेत्र विस्तार, उत्पादन र विक्रिमा आधारित नगद प्रोत्साहन अनुदान** |
| २.१ | ५०% अनुदानमा चैते धानको उन्नत बीउ वितरण |
| २.१ | क्षेत्रफल विस्तारमा प्रोत्साहन अनुदान प्रति रोपनी रु ९०० बालि लगाएको ४५ दिनपछि अनुगमन गरि दिने |
| **३** | **बीउ उत्पादन कार्यक्रम (उन्नत बीउ उत्पादन, प्रशोधन, बजारिकरण र भण्डारण)** |
| ३.१ | मूल बीउ वितरण, व्यवस्थापन तथा ढुवानी, बीउ प्रशोधन समाग्रीमा सहयोग (जस्तै ५०% अनुदानमा बोरा सिलाउने मेशिन, तौलने मेशिन, सिड ड्रेसिङ्ग ड्रम, त्रिपाल आदि), बीउ प्याकिङ्ग, भण्डारण र बजारीकरण (बोरा छपाई, बोरा सिलाउने मेशिन आदि) |

**आवश्यक कागजात**

- कार्यालयबाट उपलब्ध भएको कार्यक्रम माग फर्मेट तथा सम्बन्धित वार्ड कार्यालयको सिफारिस
- कृषि फर्म/कृषक समूह/सहकारी/संजालको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, संस्थाको निर्णय, खेति गर्नेको जग्गाको लालपुर्जा, कृषक सूचीकरण भएको हुनुपर्ने ( apms.pokharakrishi.com)

महाशाखा प्रमुख